नेपाली महावाणिज्यदूतावास,हङकङ
Consulate General of Nepal, Hong Kong
尼泊爾 香港總領事館


## प्रेस विज्ञप्ति

नेपाली महावाणिज्यदूतावास, हङकङले आज मिति २०८१ ज्येष्ठ १४ तदनुसार २९ मे २०२४ का दिन ७१औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस तथा १७औं गणतन्त्र दिवसको अवसरमा एक विशेष कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रमको पहिलो चरणमा सगरमाथा दिवस मनाउन सगरमाथा आरोही हङकङका Mr. John Tsang तथा हङकङ विशेष प्रशासकीयक क्षेत्र सरकारले मान्यता दिएको Hong Kong China Mountaineering and Climbing Union (HKCMCU) का प्रतिनिधिहरूलाई सम्मान गरिएको थियो। उक्त कार्यक्रमलाई HKCMCU को प्रतिनिधि Ms. Li ले सम्बोधन गर्दै उक्त संस्थाको आरोही टोलीले सन् २०१९ मा सगरमाथा आरोहण गरेको स्मरण गर्नुका साथै नेपालको प्राकृतिक सुन्दरता र हिमालयको प्रशंसा गर्दै नेपाल भ्रमण गर्न आह्वान गरेका थिए। उक्त कार्यक्रममा नेपालमा रहेका हिमालयहरुको प्रचारप्रसार सम्बन्धी श्रव्यदृश्य सम्बन्धी प्रवर्दक सामग्री एवं नेपाली संस्कृति झल्किने नृत्य समेत प्रस्तुत गरिएको थियो।

दोस्रो चरणमा नेपालको १७औं गणतन्त्र दिवस मनाउनका लागि हङहङ र मकाउका विभिन्न नेपाली संघ-संस्थाका प्रतिनिधिहरूको साथै नेपाली समाजका अगुवा, व्यवसायी तथा बुद्धिजीविको उपस्थितिमा नेपाली राष्ट्र गान बजाएर शुभारम्भ गरएको थियो। त्यसपश्चात् महावाणिज्यदूतावासका अधिकारीहरूले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट गणतन्त्र दिवसको अवसरमा जारी गर्नु भएको शुभकामना सन्देश एवं सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डज्यूद्वारा जारी गर्नु भएको संवोधन वाचन गरिएको थियो।

उक्त अवसरमा नेपाली महावाणिज्यदूत श्री उदयबहादुर रानामगरज्यूले हङकङ र मकाउमा रहनुभएका सम्पूर्ण नेपालीहरूलाई सगरमाथा दिवस तथा गणतन्त्र दिवसको शुभअवसरमा सम्वृद्ध नेपाल र सुखी नेपाली बनाउने रष्ट्रिय लक्ष्य प्राप्ति गर्न र गणतन्त्र संस्थागत गर्न सफलताको शुभकामना व्यक्त गर्नु भयो।

यसका साथै महावाणिज्यदूतावासले ज्येष्ठ १४, १५ र १६ गतेका दिनहरुमा महावाणिज्यदूतावासको परिसरमा राष्ट्रिय झण्डा राखी सजाइएको र दीप प्रज्वलन समेत गरिएको थियो।

नेपाली महावाणिज्यदूतावास,
हङकङ
२०८१/०२/१६

नेपाली महावाणिज्य दूतावास
हङकङ


Consulate General of Nepal, Hong Kong SAR and Macao SAR
Unit 715, Concordia Plaza, No. 1 Science Museum Road
Tsim Sha Tsui (East), Kowloon, Hong Kong
Phone Number: (852) 2369 7813 | Fax Number: (852) 2824 2970
E-mail: cgnhongkong@mofa.gov.np
Website : hkg.nepalconsulate.gov.np